# मिति २०७९ साल असार ०९ गतेको कार्यपालिका बैठकको निर्णय

**प्रस्तावित विषयहरु:**

१. नीति तथा कार्यक्रम सम्बन्धमा।
२. बार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा।
३. विधेयक सम्बन्धमा।
४. सभा सहयोग समिति सम्बन्धमा।
५. विविध सम्बन्धमा।

**निर्णयहरु:-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम पारित गरि आगामि बाह्रौ गाउँ सभामा पेश गर्ने सर्बसम्मतबाट निर्णय गरियो। नीति तथा कार्यक्रम यसै साथ संलग्न छ।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको आ.व. २०७९/८० को बार्षिक बजेट तथा कार्यक्रम पारित गरि आगामि बाह्रौ गाउँ सभामा पेश गर्ने सर्बसम्मतबाट निर्णय गरियो। बार्षिक बजेट तथा कार्यक्रम यसै साथ संलग्न छ।

**३. निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा विधेयक समितिबाट प्रस्ताव भएका देहायका विधेयकहरु पारित गरि आगामि बाह्रौ गाउँ सभामा पेश गर्ने सर्बसम्मतबाट निर्णय गरियो। विधेयकहरु यसै साथ संलग्न छन्।

क) आर्थिक विधेयक, २०७९

ख) विनियोजन विधेयक, २०७९

**४. निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा गाउँ सभा र नगर सभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा १७ बमोजिम सभाको बैठक सञ्चालनमा सहयोग पुर्याउन आवश्यक राय परामर्श दिने उद्देश्यले देहाय बमोजिमको सहयोग समिति गठन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

उपाध्यक्ष – अस्मिता थापा (गाउँपालिका उपाध्यक्ष)
सदस्य – टिका बहादुर क्याप्छाकी (वडाध्यक्ष, वडा नं. ६)
सदस्य – केशवहरी ढुंगेल (वडाध्यक्ष, वडा नं. ९)

सदस्य – घन बहादुर कार्की (वडाध्यक्ष, वडा नं. ४)

सदस्य – कमला कार्की (कार्यपालिका सदस्य)

सदस्य – रेनुका मगर (कार्यपालिका सदस्य)

सदस्य सचिव – दिनानाथ चौधरी (सभा सचिव)

**५. निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो ।